# प्रेस विज्ञप्ती

नेपाल संघीय शासन प्रणाली अभ्यासको प्रारम्भिक चरणमा रहेको तथा संविधानले परिकल्पना गरे अनुरुप संघ, प्रदेश र स्थानीय तीनै तहको शासकीय व्यवस्थापनका लागि संरचनागत एवं कानूनी आधार सृजना गर्ने महत्पूर्ण अवस्थामा रहेको छ । यस क्रममा नयाँ स्थापित प्रदेश र स्थानीय तहहरुलाई बढी भन्दा बढी सहयोग, समन्वय र सहजीकरणको आवश्यकता टड्कारो रुपमा खट्किएको अवस्थामा तुलनात्मक रुपमा बढी स्थापित संघीय संरचनाहरुले प्रदेश र स्थानीय तहहरुको आवश्यकताहरुलाई प्राथमिकताका साथ समन्वय र सहजीकरण गर्न जरूरी देखिन्छ । २०७४ सालमा राज्यका तीनै तहको निर्वाचन सम्पन्न भई संघीय स्वरुप अनुरुप जनप्रतिनिधिहरुको नेतृत्वमा संघीय इकाइहरु सञ्चालनमा रहेको तथा आ-आफ्नो क्षमता अनुरुप प्रभावकारी कार्य सम्पादन मार्फत "समृद्ध नेपाल, सुखी नेपाली" भन्ने राष्ट्रिय अभियानलाई मुर्तरुप दिनका लागि आ-आफ्नो तर्फबाट योगदानको लागि कटिबद्ध रहेको अवस्था छ । यसै परिप्रेच्छमा, गत आर्थिक वर्ष २०७४/०७५ मा जस्तै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहहरुलाई समन्वय र सहजीकरण गर्नुपर्ने आफ्नो भुमिकालाई अझ वस्तुनिष्ठ र प्रभावकारी तुल्यादै स्थानीय तहहरुको लागि अति आवश्यक कानून तथा कार्यविधिहरुको नमुना विषय विज्ञहरुको संलग्नतामा तयार पारी निरन्तर पठइरहेको छ । यसै श्रृंखलाको भागको रुपमा मन्त्रालयले "…. गाउँपालिका/नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५" (नमूना) तयार गरी यस मन्त्रालयको Website (www.mofaga.gov.np) मार्फत सार्वजनिक गरिएको छ ।

सार्वजनिक खरिद ऐन, २०६३ तीनै तहको खरिद व्यवस्थापनलाई नियमन गर्ने कानूनको रुपमा रहेको तथा सो ऐनको कानूनी परिधि भित्र रही गाउँपालिका तथा नगरपालिकाले सार्वजनिक खरिद नियमावली बनाई लागू गर्नसक्ने कानूनी प्रावधान अनुसार गाउँपालिका तथा नगरपालिकाहरुका लागि नमूना रुपमा "….. गाउँपालिका/नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५" सार्वजनिक गरिएको छ । सार्वजनिक नियमवालीमा खरिद व्यवस्थापन जटिल प्राविधिक एवं प्राज्ञिक विषय समेत समावेश भएको हुँदा गाउँपालिका तथा नगरपालिकाको खरिद व्यवस्थापन सिपयुक्त दक्ष कर्मचारीबाट सम्पादन हुन वाञ्चनीय रहन जान्छ । साथै, कानूनको परिधि भित्र रहेर सार्वजनिक खरिद व्यवस्थापन गर्नुपर्ने हुँदा ऐनको प्रावधानहरुलाई स्थानीय तहहरुको कार्यक्षेत्र अनुरुप हुनेगरी प्रस्तुत नमुना नियमावलीमा मिलाईएको हुँदा स्थानीय तहहरुमा सार्वजनिक खरिद व्यवस्थापन प्रभावकारी रुपमा सम्पादन हुन गई सुशासन र सेवा प्रवाहमा सहयोग पुग्नेछ भन्ने कुरामा मन्त्रालय विश्वस्त रहेको अवगत गराउछु ।

मितिः२०७५।१२।१०

सुरेश अधिकारी
प्रवक्ता
सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालय